नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८३/८४ मिति : २०८३।०४।२०

च.नं.: २

विषय : विद्यार्थी विवरण सत्यापन गर्ने सम्बन्धमा ।

**श्री स्थानीय तह (सबै)**
**श्री विद्यालय (सबै)**

उपर्युक्त सम्बन्धमा सबै प्रकार र तह ( सामुदायिक, संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरुबाट शैक्षिक सत्र २०८३ मा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यार्थीको विवरण अध्यावधिक भइसकेको छ। उक्त विवरणमा शुद्धता ल्याउन शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, प्रदेश मन्त्रालय, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह र अन्य सरोकारवाला निकायवाट समय समयमा अनुगमन लगायत निम्नानुसारका कार्यहरू हुँदै आएका छन् :

१. स्थानीय तहवाट विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा हुने सबै प्रकारका रकम निकासा गर्नुभन्दा अगाडि विद्यार्थी सङ्ख्या यकिन गरेर मात्र निकासा दिने व्यवस्था कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३/८४ मा स्पष्ट गरिएको,
२. वालविकास र कक्षा १ मा वाहेक अन्य कक्षामा IEMIS मा विद्यार्थी प्रविष्टि गर्न विद्यालयलाई सुविधा नभएको, IEMIS वाट विद्यार्थी ट्रान्सफर गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको,
३. यस विभागवाट तथ्याङ्क सत्यापनका लागि आन्तरिक र वाह्य निकायवाट समेत सत्यापनका कार्य भइरहेको,
४. सबै विद्यालयको तथ्याङ्क IEMIS को पब्लिक डयासबोर्डमा सार्वजनिक गरी जोसुकैले पनि हेर्न सकिने व्यवस्था गरिएको,
५. IEMISमा Duplicate Student Report मेनु राखिएको छ । जसबाट स्थानीय तहले दोहोरिएका विद्यार्थी सत्यापन गर्न सक्ने व्यवस्था गरिएको,

स्थानीय तहले विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा प्रदान गरिने विभिन्न शीर्षकमा रकम निकासा गर्नु भन्दा अगाडि अनिवार्य रुपमा विद्यार्थी विवरण सत्यापन गर्नुहुन र विद्यार्थी तथ्याङ्कका सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक नै प्रमुख जिम्मेवार रहने भएकाले IEMIS मा इन्ट्री भएका विद्यार्थी आफ्नो विद्यालयमा नियमित भए नभएको यकिन गर्न यस विभागको मिति २०८३।०४।२० को निर्णयानुसार अनुरोध छ ।

वोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ(सबै): विद्यार्थी विवरण सत्यापन गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।

शुशिल पौडेल
तथ्याङ्क अधिकृत